# Appreciative Leadership and Development Visioning Training
# सकारात्मक नेतृत्व विकास तथा दूरगामी योजना तर्जुमा तालिम

**Organized by:** **Appreciative Learning and Development Management (ALDM) Nepal, (5-8 August 2012)**

**तालिमको अन्त्यकमा सहभागीहरुलाई प्रशिक्षकले विषेष गरी प्रशिक्षक र प्रशिक्षणमा आफुलाई मन छोएको कुरा लेख्न भन्नुभयो जुन तल प्रस्तुत गरीन्छ ।**

## मन छोएका कुराहरु (Things that Touched You)

"मानव मुल्यमा आधारीत शिक्षाका ज्ञाता हुनुहुन्छ
सकारात्मक सोधखोज ज्ञानका दाता हुनुहुन्छ

झरी पर्दा, घाम चर्कदा तपाईलाई सम्झनेछु
सवैलाई ओत दिने तपाँई छाता हुनुहुन्छ

अन्तरविश्वासको शक्ति देखाई विश्व धर्मै जगाउने
सवै सवै मान्छेहरुको एउटा साझा नाता हुनुहुन्छ

कति मान्छे भेटेँ मैले कहिले ताता कहिले चिसा
डा. चण्डी सधैँभरी तातै ताता हुनुहुन्छ"

***कुमार नेगी, PEACE Nepal***

"धर्म छैन कर्म छैन, उद्देश्यहिन परिस्थीति
नेता छैन  नेतृत्व छैन भ्रष्टचारको परिस्थीति
कर्मचारी भए भ्रष्ट, मर जनता परिस्थीति
नेपाल आमा धुरुधुरु रुने यहि हो परिस्थीति

चण्डी तिमी वढ अघि दिन्छौँ हामी साथ
देश बन्ने बनाउनेमा हाम्रो हुन्छ साथ
नेता वन स्वच्छ तिमी कस्तो राम्रो दिल
ज्ञान कुञ्ज फिँजाउदै बनौ कार्यशिल "

***राम वहादुर आले, OXFAM***

“मान्छे राम्रो, मनै राम्रो कर्म पनि राम्रो
ज्ञानको भण्डार कति कति प्रशिक्षण शैलि राम्रो
शुरु हेर्दा ठिक ठिकै, मध्य हुँदा पो थाह पाएँ
सक्दिन तालिममा मात्र सीमित राख्न, यतिको प्रभावकारी व्यक्ति
सदा सम्वन्ध राख्न सोचे” ॥
***विजय कुमार श्रेष्ठ, OXFAM***

“राम्रो तालीम दिनसक्ने रैछौ तिमी चण्डी
सकारात्मक सोच राख्ने तिमी वृहस्पति ।
हामी बन्छौ तिम्रो चेला ज्ञान सीप छर्छौं
ज्ञान ज्योती वाड्दै गाउँमा परिवर्तन गर्छौं ॥

फलोस फुलोस तिम्रो लक्ष्य डाँडा भरी ढाकोस
भलाई गर्न पराईको कोशेढुंगा वनोस

पानी पनि माथि बग्छ, सकारात्मक सोचे
पत्थर पनि पग्लन्छ सच्चा दिलले सोचे” ॥
***विष्णु गोतामे, OXFAM***

“सकारात्मक सन्देश प्रवाह विधिमा तालिम प्रशिक्षण सबै भन्दा उत्कृष्ट भयो । समय कम थियो वितेको थाहै भएन । प्रत्येक दिन फरक व्यक्तित्वबाट समय मिलाएर प्रशिक्षणमा थप उर्जा प्रदान गर्ने शैली एकदमै मन पर्‍यो”।

“हामीले समस्याको माया र समस्या मात्र हेर्न थाल्यौं भने समस्यै समस्याको सिर्जना, प्राप्ती र सेवन गर्नेछौ” । ***बाबुराम श्रेष्ठ, एकिकृत विकास समाज***

गुणाः सर्वत्र पुज्यन्ते, पितृ वंशो निरर्थकः ।
वासुदेवं नमस्यन्ति, वसुदेवं नमानवा ॥

“डा. चण्डी सर सर्वगुण सम्पन्न भएकाले सबैले मान्नै पर्छ, वहाँमा ईश्वरिय अंस छ, आदर गर्नैपर्छ, र वहाँ एउटा कुसल Facilitator हुनुहुन्छ भन्ने मलाई विश्वास छ ”। ***प्रदिप कुमार मिश्र, प्लान रौतहट***

“सरलीकरण, भलाद्मीपन, एकदमै मन छोएको वाक्य अरुको कुरा सम्मान गर्दै आप्नो कुरा राख्ने” ।

"You are Nepali Shiva Khera. We are proud of you that you are here in Nepal please give more to Nepal. Thank you for your perfect training / teaching/ sharing".
***Hajindra Sapkota, Oxfam***

"Frankly, you got a dazzling smile, sometimes even your words were not connecting to me, but your smile at last would make me forget all".

***Vikas Paudel, MIRA Nepal***

"कहाँवाट पाल्नुभो भन्ने Energizer…..
अन्तरआत्मादेखी सकारात्मक भावना, सोचाई र व्यवहार भएको पाएँ । अप्ठेरो, गह्रौ र चिन्ताको अवस्थामा पनि यसलाई स्वीकार गर्दै यस सिद्धान्तलाइई अगाडी बढाउनुहोस ।
God bless you…. " ***राजेन्द्र थापा मगर, वर्ल्ड भिजन वुटवल***

"I felt that Dr. Chapagain is very passionate about teaching us. He is very expressive and gave us excellent examples to analyze the points presented".
***Siddhartha Thapa, NIDS***

"वास्तवमा सरल तवरवाट सकारात्मक विषयवस्तुलाई प्रस्तुत गर्नुहुने मेरा प्रशिक्षक श्री चण्डी प्रसाद चापागाईंजी को खुल्ला हृदय, खुल्ला प्रस्तुतिको जहिल्यै पनि प्रशंसा गर्न मन लागीरहन्छ ।
पुन अर्को भेटको अपेक्षा गर्दै " …….
***राजन कुमार मैनाली, प्लान रौतहट***

"उज्यालो मुहार, स्मार्ट व्यक्तित्व, अध्यात्म ज्ञान जुन विकासमा लगाउन प्रेरित गर्नुहुन्छ, नयाँ विचार फल्दै फुल्दै जाउन यहि शुभकामना "।

"सफल लिडर तथा व्यक्तित्वको सफल घटना संकलन होस यहि मेरो शुभकामना "
*भवराज रेग्मी, निड्स*

"तालिमका विधि र तरीकाहरु हेर्दा तपाई असल गुरु हुनुहुन्छ । मेरो शुभकामना " ।
***लोकराज भट्ट, फाया नेपाल***

"विज्ञान, अध्यात्म, फोटो संग्रह जस्ता विभिन्न विषय वस्तुलाई समेटेको पाएँ ।
शैलीमा सरलता, समयलाई वढी महत्व दिईएको, परिवारलाई साथै लगेको, सवैलाई सम्मान दिने, विषयवस्तु र सर्दाम मिलाएर कार्यक्रमलाई विट मार्नु भयो । प्रशिक्षार्थिलाई प्रेममा गास्ने सुत्र धेरै भेट्टाएँ "।
***शिवराज घिमिरे, वैदिक आरोग्य आश्रम***

"तपाई जस्तो प्रशिक्षकको संस्था वा देश विकासमा ठुलो महत्व छ "।
***राघवेन्द्र प्रसाद साह, धनुषा***

"सहभागीलाई सहभागीतात्मकरुपले लाने र उनीहरुलाई प्रोत्साहन गर्दै प्रतिभा पनि दिने अवसर पनि दिने कुरा राम्रो लाग्यो " ।

"यो तालिमको मर्म सकारात्मक विचारलाई प्रोत्साहन गर्नुभएकोले जति सक्दो धेरै फैलाउनुहोस, जति धेरैले थाह पाए त्यति धेरै फैलदैं जान्छ । यो एक अभियानकोरुपमा जानु जरुरी छ । यसले व्यक्तिलाई, संस्थालाई, समाजलाई र सम्पूर्ण राष्ट्रलाई परिवर्तन गर्न सक्छ " । ***विमल घिमिरे, WVIN, Sunsari***

"Without love there is no knowledge. शत्रुको कोणलाई पनि प्रेमले बुझ्यो भने त्यहाँ शत्रुता समाप्त हुन्छ । अरुको कुरालाई सहमत गर्दै आफ्नो कुरा ल्याउन सक्यो भने साँचो अर्थमा त्यो Team work हो । सकारात्मक सोच नै मानिसको सफलता हो" ।
***सुनिता श्रेष्ठ, सामाखुसि***

"हंसमुख स्वभाव र समयलाई थाहै नपाई बगाउने
मनको गहिराई सम्म पुग्न सक्ने
रमाईलो भित्र भावविभोर सत्यतामा डोऱ्याउने,
अरुहरुलाई उत्साहित गरि थाकेकाहरुको निम्ती वैसाखी वन्ने व्यक्ति "

"सकारात्मक सोधखोज र अध्यात्मीक चिन्तनले मानिसको जीवन र जगतलाई बदलिदिन्छ भन्ने वाक्यले मलाई झकझकाई रहन्छ "।
**प्रेम प्रसाद धिताल, वर्ल्ड भिजन**

"There should be link among technology, spiritual thinking and development.
Story about buffalo and eye". ***Kirti Tumbahangphe, MIRA Nepal***

"सहजिकरणमा दृष्टान्त, प्रसङ्ग, आयामको विविधतायुक्त प्रयोग
सकारात्मक चिन्तन र प्रयोगमा कटिवद्ध सहयोग
प्रस्तुतिकरण बडो रमाईलो विच विचमा मन्द मुस्कान
दुर यथार्थपरक दृष्टिकोण निर्माणकालागि सरल प्रशिक्षण
लाग्छ कता कता वोलाईको ढंग र थेगोको प्रयोग
तपाईबाट मोहन वैद्यले वा उनले  तपाईवाट गरेको साटासाट "
***टिका राम वि.क., वर्ल्ड भिजन***

"त्याग र समर्पण बिना उज्वल भविष्यको कामना गर्नु मुर्खता  हो ।
जब मानिसको हृदयबाट माया र स्नेह पलाउँदैन तब सम्म त्यस व्यक्तिले सकारात्मक सोच राख्न सक्दैन । तपाईको जिवनबाट सिकेका कुराहरुलाई व्यपहारीक प्रयोग गर्ने र सकारात्मक सोधखोजलाई थप उर्जा दिनकोलागी मलाई समय र अवसर दिनुभएकोमा अन्तरआत्मा देखी धन्यवाद दिन चाहन्छु "।
***रमेश भण्डारी, वर्ल्ड भिजन, डोटी***

"Dr. Chandi, your training skills reflect your personality as a positive and appreciative human being. Learning is not only acquired from training but from trainers and in your case, this holds truth. Thank you and wishing you more success in your endeavors to spread the world of appreciative learning and development visioning". ***Alina R. Shrestha, World Vision***

"मैले दुई वर्ष अघि सकारात्मक सोधखोज भन्ने किताव मेरो साथीवाट पढ्ने मौका पाएको थिएँ र यसको लेखक डा. चण्डी प्रसाद चापागाई हो भनेर पनि थाह थियो तर उहाँ वाटै तालिम लिन पाईएला भन्ने चाही थाह थिएन । म तालिममा आएर धेरै छक्क परे किनकी उहाँवाटै तालिम लिने यो सौभाग्य

मिल्यो । तालिम वाट Core कुराहरुको ज्ञान भयो । यो तालीमको लागि धेरै धन्यवाद "। ***रमेश प्रिथी, सामरी उत्थान सेवा***

"Appreciative Inquiry is an important aspect of development. I am proud of being trained by a person who is first in Nepal to get PhD in it.
Religious aspects dealt here are very important. Your training skills are very appreciable. Thank you again". ***Tilak Bhattarai, World vision***

"पहिलो पक्ष प्रस्तुति धारा प्रवाह लाग्यो ।
प्रस्तुतिमा बढि उदाहरणहरुको प्रयोग अति प्रभावकारी लाग्यो ।
सबै राम्रा कुराहरुको cross fertilization गर्ने कुराको concept निकै प्रभावकारी लाग्यो ।
सवै राम्राकुराहरुको fusion गराउन सक्यो भने त्यसवाट राम्रो result आउँछ भन्ने अभिव्यक्ति
अन्त्यमा छाता र प्यारासुट पनि नखोली काम गर्दैन भनेझै हामी पनि आफुलाई खोल्न सकेनौ भने सफलता सम्म पुग्न सक्दैन भन्ने कुराले मलाई निकै नै मन छोयो "।
***विष्णु प्रसाद पनेरु, WVI***